प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# शिक्षा विकास निर्देशनालय
प्रदेश नं. ३, मकवानपुर, हेटौडा

## क्याम्पसको सवलीकरण कार्यक्रमको सम्बन्धि सम्झौता पत्र

प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, प्रदेश नं. ३, मकवानपुर (जसलाई यस पछि प्रथम पक्ष भनिने छ) र श्री ............... .............. ........... ................ ................ .............. ......... वार्ड नं. .......... (जसलाई यस पछि दोश्रो पक्ष भनिनेछ) बीच आ.व. २०७५/०७६ को क्याम्पसको सवलीकरण कार्यक्रम अन्तरगत तपसिलका शर्तहरु पालना गर्ने गरी गरिएको सम्झौता–पत्र । यो सम्झौताको अवधि कार्यक्रम तथा नीतिगत रुपमा हेरफेर नभएमा आ.व. २०७५/७६ सम्म कायम रहनेछ ।

प्रथम पक्ष ( शिक्षा विकास निर्देशनालय, प्रदेश नं. ३, मकवानपुर ) ले पालना गर्नुपर्ने शर्तहरु :

१. क्याम्पस सवलीकरण कार्यक्रम अन्तर्गत निर्देशनालयबाट उल्लेख गरेको कार्यहरु सम्पन्न गर्न विनियोजन भएको रु............................ (....................लाख ) सम्बन्धित क्याम्पसलाई निकासा दिनुपर्नेछ ।
२. भौतिक निर्माण सुधार कार्य गर्ने भएको विनियोजित लागत रकमको ३० प्रतिशत रकम सम्झौता भए पछि पहिलो किस्तामा, कामको प्रगतिको आधारमा प्राविधिकको सिफारिस अनुसार ४० प्रतिशत रकमसम्म दोस्रो किस्तामा र बाँकी ३० प्रतिशत रकम कार्य सम्पन्न भएपछि तेस्रो किस्तामा निकासा दिने। खरिद सम्बन्धी कार्य भएमा ५० प्रतिशत रकम सम्झौता भए पछि र बाँकी ५० प्रतिशत रकम कार्य सम्पन्न भएपछि दोस्रो किस्तामा निकासा दिने।
३. प्रथम किस्ता निकासा भएको मितिले ३ महिना भित्र कार्य प्रारम्भ नभएमा सम्झौता रद्द गरी निकासा भएको रकम फिर्ता /असुल उपर गर्न सकिनेछ ।
४. निर्माण कार्य प्रचलित नेपाल राष्ट्रिय भवन संहिताको मापदण्ड बमोजिम स्वीकृत डिजाइन/ड्रइग/स्पेसिफिकेशन अनुसार तोकिएको समयमा सम्पन्न गर्न गराउन तथा खरिद कार्य प्रचलित ऐन, नियम बमोजिम गर्न गराउन आवश्यक समन्वय, सहयोग र अनुगमन गर्ने ।
५. तोकिएको समयमा निर्माण कार्य सम्पन्न नगरे वा निर्माण कार्य अधुरो रहेमा प्रथम पक्षले प्रचलित नियम कानुन अनुसार दोश्रो पक्षलाई निर्माण कार्य सम्पन्न गर्न गराउन सचेत गर्नुका साथै आवश्यक कानूनी प्रकृया अगाडि बढाउने र रकम असुल उपर समेत गर्न सकिनेछ ।

दोश्रो पक्ष (क्याम्पस) ले पालना गर्नुपर्ने शर्तहरुः

१. निर्माण कार्य प्रचलित नेपाल राष्ट्रिय भवन संहिताको मापदण्ड बमोजिम स्वीकृत डिजाइन/ड्रइग/स्पेसिफिकेशन अनुसार तोकिएको समयमा सम्पन्न गर्न गराउन पर्नेछ ।
२. भौतिक निर्माण सुधार सम्बन्धी प्राविधिक कार्य सम्बन्धित स्थानीय तह वा सरकारी निकायका प्रविधिक (इन्जिनियर / सवइन्जिनियर) बाट गराउनु पर्नेछ ।
३. निर्माण कार्य सम्पन्न गर्ने क्रममा यस निर्देशनालयबाट निकासा हुने कूल रकम नपुग हुन आएमा सो नपुग रकम ब्यवस्थापन गर्ने जिम्मेवारी (जनश्रमदान वा नगद लागत) स्वंयम् क्याम्पसको हुनेछ ।
४. सवलीकरण प्रस्ताव अनुसार उपलब्ध गराएको निर्माण सुधार सम्बन्धि नक्सा, ड्रइङ, डिजाइन र कार्ययोजना अनुसारका अन्य कार्यहरु कुनै हालतमा पनि क्याम्पसको तर्फबाट परिवर्तन गर्न पाइने छैन ।
५. तोकिएको मापदण्ड विपरित वा खटिएका प्राबिधिकहरुको निर्देशन र प्राविधिक सुझाब विपरित निर्माण कार्य गरेमा प्रचलित नियमानुसार वीचैमा प्रथम पक्षले सम्झौता रद्ध समेत गर्न सक्नेछ ।
६. सामाजिक विकास मन्त्रालय, निर्देशनालय, सम्वन्धित स्थानीय तह र अन्य सरोकारवाला कार्यालयहरुबाट समेत अनुगमन/निरीक्षण हुनसक्ने हुँदा क्याम्पसले सो कार्यको अभिलेख अध्यावधिक राख्ने र उपलब्ध गराउने ब्यवस्था मिलाउनु पर्नेछ।
७. भौतिक निर्माण सुधार कार्यको कार्य सम्पन्न प्रतिवेदन, नापि किताव, र प्रस्ताव बमोजिमका अन्य कार्यहरु सम्पन्न भएको ब्यहोरा उल्लेखित क्या.ब्य.स.को निर्णय तथा आम्दानी खर्चका विवरण (बील भर्पाई) हरुको प्रतिलिपि सहितको प्रतिवेदन प्रथम पक्ष समक्ष अनिवार्य पेश गर्नुपर्नेछ ।